# बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम–नेपाल)
# मासिक कार्यसम्पादन पत्र

महिना : मार्च २०२५ वर्ष :४ अकं : ३

**मार्च २०२५ मा सम्पन्न भएका गतिविधिहरु:**

### १.नेपाल अति कम विकसित राष्ट्रको सूचीबाट स्तरोन्नतिपछिको रणनीति र दिगो विकास लक्ष्यहरुको स्थानीयकरणको सन्दर्भमा बालवालिकाका सवालहरुको प्राथमिकताबारे कार्यशाला सम्पन्न :




१० मार्च २०२५- बालबालिकाको नागरिक स्थान सुनिश्चित गर्न, दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण तथा नेपाल विकाशसिल राष्ट्रमा स्तरोन्नती हुदै गरेको सन्दर्भमा बालबालिकाका सवालहरुलाई प्राथमिकतामा राख्नका लागि आह्वान गर्दै नागरिक समाजकहरुको राष्ट्रिय भेला सम्पन्न भएको छ ।

उक्त कार्यक्रम बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम नेपाल) तथा गैर सरकारी संस्था महासंघ नेपालको संयुक्त आयोजनामा आयोजना गरिएको थियो । कार्यक्रममा देशका सातवटै प्रदेशबाट विभिन्न क्षेत्रमा काम गरिरहेका नागरीक समाजका प्रतिनिधिहरूका साथै आयोजक एवं अन्य संघ संस्थाका प्रतिनिधि तथा विज्ञहरू सहित २०० भन्दा बढि व्यक्तिहरुको सहभागिता रहेको थियो ।

कार्यक्रम अन्तर्गत औपचारिक सत्र तथा प्यानल छलफल गरी दुई चरणमा सञ्चालन गरिएको थियो, जहाँ दिगो विकास कार्यान्वयन गरिरहँदा र नेपाल विकासशील राष्ट्रमा स्तरोन्नती भइरहँदा बालबालिकाका सवालहरु जस्तै बाल विवाह न्यूनिकरण, बालबालिकाको प्रत्यक्ष सरोकार राख्ने छलफलमा बालबालिकाको अर्थपूर्ण सहभागिता, गुणस्तरीय शिक्षा लगायतका सवालहरुमा




सरकारी नियका, विकासका साझेदार संस्था नागरिक समाजका प्रतिनिधिहरु बिच विस्तृत छलफल भएको थियो । कार्यक्रममा बोल्दै, प्रमुख अतिथी राष्ट्रिय सभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापती माननीय कमला देवी पन्तले नेपाल सन् २०२६ सालमा नेपाल अल्पविकसित मुलुकबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुन लागेको सम्बन्ध र दिगो विकासका लक्ष्यहरु प्राप्तिका लागि काम गरिरहँदा बालवालिकाको सवाललाई भुल्न नहुने कुरामा विशेष जोड दिनुभयो ।

औपचारीक कार्यक्रम पश्चात सम्पन्न भएको प्यानल छलफलमा पनि दिगोविकासका लक्ष्यहरु कार्यान्वयन गर्न तथा नेपाल विकासशील राष्ट्रमा स्तरोन्नती भईरहेको सन्दर्भमा बालबालिकाका सवालहरुलाई प्राथमिकतामा राख्न र सम्बोधन गर्नका लागि विकासका साझेदार संस्थाहरु, नागरिक समाज तथा सरकारी निकायले खेल्नुपर्ने भूमिका र आउँन सक्ने चुनौतीको बारेमा विस्तृत छलफल भएको थियो ।


कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal

### २. विधायन समितिलाई बुझाईयो बाल-मानवअधिकार रक्षकको आह्वानपत्र :



१८ मार्च २०८१ : राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिका सभापति तुलसा दाहाललाई बाल तथा मानवअधिकार रक्षकहरुले तयार गरेको आह्वानपत्र हस्तान्तरण गरिएको छ । कन्सोर्टियम नेपालका अध्यक्ष सन्तोष महर्जन, गैरसरकारी संस्था महासंघ उपमहासचिव किरण थापा र बालिका दुलही होईनन्की अध्यक्ष निरिजना भट्टले उक्त आह्वानपत्र मंगलबार हस्तान्तरण गरेका हुन् । उक्त आह्वानपत्र मंसिर ८ देखि १० गतेसम्म काठमाडौंमा सम्पन्न बाल-मानवअधिकार रक्षकहरको राष्ट्रिय भेलाले तयार पारेको थियो ।

सातै प्रदेशको प्रतिनिधित्व गर्दै सहभागी भएका बालबालिकाको छलफलको निचोडका रूपमा बाल मानवअधिकार रक्षकहरूको मान्यता एवं संरक्षणका लागि उक्त आह्वानपत्र तयार गरिएको थियो ।

उक्त २२ बुँदे पत्रमा वालविवाहको अन्त्यका सम्बन्धमा सरकार, सरकारी निकाय, मानवअधिकारसम्बन्धी राष्ट्रिय निकाय, नागरिक समाज, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंगठन, दातृ निकाय, निजी क्षेत्र बालक्लबलगायत सबै सरोकारवालालाई सम्बोधन हुने गरी आआफ्नो हैसियतमा प्रभावकारी कार्यान्वयन अनुरोध गरिएको छ ।

### ३. राष्ट्रिय सभा अन्तर्गत विधायन व्यवस्थापन समितिसँग छलफल सम्पन्न :




१८ मार्च २०२५ : राष्ट्रिय सभा अन्तर्गत विधायन व्यवस्थापन समितिले कन्सोर्टियम नेपालसँगको सहकार्यमा बालबालिका सम्बन्धी ऐन, २०७५ मा रहेका बाल सहभागिता सम्बन्धी प्रावधानहरूको कार्यान्वयनको अवस्था मापन गर्दैछ । यहि विषयलाई लिएर समिति र कन्सोर्टियम नेपालबीच छलफल सम्पन्न गरिएको छ । कार्यक्रममा नेपालमा बाल सहभागिताको अवस्थालाई किरण थापाले चर्चा गर्नुभएको थियो भने उपस्थित माननीय सासंदहरुले कार्यान्वयन मापन कसरी प्रभावकारी ढंगले अगाडि बढाउने भनि आफ्ना भनाईहरु राख्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा समिति सभापति माननीय तुलसा दाहालले धन्यवाद मन्तव्य सहित यस प्रकृयामा सबैको भूमिका उत्तिकै महत्वपूर्ण रहेको बताउँदै सबैलाई सहयोग गर्न अपिल व्यक्त गर्नुभयो ।



कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
01-४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal

### ४. विद्यालय शिक्षा सम्बन्धी विधेयकमा बालबालिकाको सुझाव संकलन :





३० मार्च २०२५ :नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय शिक्षा सम्बन्धी विधेयक, २०८० तर्जुमा प्रक्रिया अघि बढाएको छ । उक्त विधेयकमा सुझाव संकलनका लागि बालबालिकाहरुले छलफल कार्यक्रम सम्पन्न गरेका छन् ।

बालबालिकाले उक्त विधेयकमा समयसापेक्ष माग तथा सुझावहरु माथि गहन छलफल गरीएको र उक्त सुझावहरुलाई माननीय शिक्षा मन्त्री समक्ष पेश गर्ने योजना रहेको छ । सुझाव संकलनका क्रममा राष्ट्रिय.बाल पैरवी परिषद्का सदस्यहरुले दिवा खाजाको प्योजलाई बढाउनुपर्ने, शिक्षामा राजनीतिक हस्तक्षप हुन नहुने, अभिभावक शिक्षालाई पनि जोड दिनुपर्ने, ब्रेल लिपि र सांकेतिक भाषामा सहज पहुँच बनाउनुपर्नेजस्ता बुदाहरु अघि सारेका थिए ।

### ५. राष्ट्रिय नागरिक सम्मेलनमा बालअधिकार बारे बहस र प्रस्तुति :

१० मार्च २०२५ - गैर सरकारी संस्था महासंघ नेपालले आयोजना गरेको राष्ट्रिय नागरिक सम्मेलनमा बालअधिकारको सवालमा व्यापक छलफल भएको छ । राष्ट्रिय सभागृहमा आयोजित कार्यक्रम, अति कम विकसित राष्ट्रिको सूचिबाट स्तरोन्नती पश्चात दिगो विकास लक्ष्य कार्यान्वयनका लागि स्रोत व्यवस्थापन विषयक छलफलमा नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति भईरहँदा बालबालिकाका सवालहरु के हुन सक्ने र बालबालिकाले तयार पारेको राष्ट्रिय स्वेच्छिक समिक्षा प्रतिवेदनमा छलफल भएको हो । उक्त विषयलाई जोडेर प्रस्तुतिकरण भने कन्सोर्टियम नेपालको अध्यक्ष सन्तोष महर्जनले गर्नुभएको थियो । कार्यक्रममा प्रमुख अतिथिको रुपमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष हुनुहुन्थ्यो भने सातै प्रदेशबाट नागरिक समाजका प्रतिनिधिको उपस्थिति रहेको थियो । यस छलफलबाट आएका निष्कर्षलाई सम्मेलन पश्चात जारी गरिएको घोषणपत्रमा पनि उल्लेख भएको छ ।



**राष्ट्रिय नागरिक सम्मेलनबाट जारी भएको**

**नागरिक घोषणा–पत्र**

२७ फागुन २०८१, काठमाण्डौ ।

७. राज्यका सबै तहमा बालबालिकालाई प्राथमिकता दिई लगानी बढाउन र उनीहरुका लागि बन्ने नीति, योजना तथा कार्यान्वयनमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै समाजमा व्याप्त रहेको बालविवाह, दुर्व्यवहार तथा हानिकारक सामाजिक मान्यता रोकथाम गर्न, साथै गुणस्तरीय शिक्षा, स्वास्थ्य र वाल संरक्षणका लागि जोडदार माग गर्दछ ।




कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं

०१-४७९१३२४ participation.consortium@gmail.com, Fb: Consortium Nepal

## सदस्य संस्थाद्वारा संचालित गतिविधिहरु

### १. राजबिराजमा नगरस्तरीय बालभेला सम्पन्न बालबालिकाहरूलाई कुलतबाट जोगाउनुपर्नेमा जोड :

बालबालिकाहरूलाई कुलतबाट जोगाउन बालबालिकाहरू नै सक्रिय हुनुपर्नेमा सहभागीहरूले जोड दिएका छन्  राजबिराजमा आयोजित राजबिराज नगरस्तरीय बालभेला तथा अन्तरक्रिया कार्यक्रममा सो कुरा बताएको हो ।कुलतमा लागेको बालबालिकाहरूलाई कुलतबाट जोगाउन बाल क्लबहरूले विद्यालयमा

सचेतनामूलक कार्यक्रम गर्नुपर्नेमा उनीहरूले जोड दिएका थिए ।

भेलामा नगरस्तरीय बाल संजालका अध्यक्ष विशाल यादबले बालकालिका हरूको हकअधिकार सँगै बालबालिकाहरूलाई बालश्रमबाट मुक्त गर्न बालबालिकाहरूको विकास, संरक्षण सहभागिताको ग्यारेन्टी हुनुपर्नेमा जोड दिए ।

बालबालिकाहरूको भेलामा वडाहरूमा बाल कल्ब गठन र पुनर्गठन गर्ने, बालविवाह न्यूनिकरण गर्न जनचेतनामूलक कार्यक्रम गर्ने,  बालश्रम न्यूनिकरण गर्ने, विद्यालयहरूमा बालमैत्री शौचालय निर्माण गर्न, योजना छनोटमा बालबालिकाहरूको सहभागिता जस्ता समस्याहरूलाई सक्रियतापुर्वक बालअधिकार सवालमा बाल क्लबहरूले पैरबी र वकालत गर्ने नगरस्तरीय बालकल्वका अध्यक्ष बिशाल यादबले बताए ।

### २. नगर स्तरीय बाल भेला तथा योजना छनौट सम्पन्न

२५ मार्च २०२५ : चैत्र बालबालिकाहरूको अधिकार सुनिश्चितताको लागि बालबालिकाहरू नै सक्रिय हुनुपर्नेमा सहभागीहरूले जोड दिएका छन् । मंगलवार खडक नगरपालिकाको कल्याणपुरमा आयोजित नगरस्तरीय बाल भेला तथा योजना छनौट कार्यक्रममा सो बारे छलफल भएको हो ।

राष्ट्रिय आधारभूत बिधालय खडक नगरपालिका ७, कल्याणपुर स्थित खडक नगरपालिका महिला बालबालिका ज्येष्ठ नागरिक शाखाको आर्थिक सहयोग र नगरस्तरीय बालसंजालको आयोजनामा तथा सेभ द चिल्ड्रेन, स्विडेनसेवरेज, सबल नेपाल, जिल्ला बालक्लव संजालको सहयोग र सहकार्यमा बाल भेलाको आयोजना गरिएको हो ।

बालबालिकाहरूको भेलामा वडाहरूमा बालविवाह, जातीय लगाएत लैगिक विभेद, बालश्रम, यौन शोषण, हेला तथा दुर्व्यबहार, हिंसा, योजना छनौट र बाल सहभागिता जस्ता बिषयमा कामगर्न जनचेतना मूलक कार्यक्रम गर्ने, विद्यालयहरूमा बालमैत्री शौचालय निर्माण गर्न, योजना छनोटमा बालबालिकाहरूको सहभागिता जस्ता समस्याहरूलाई सक्रियता पुर्वक बालअधिकार सवालमा बालक्लबहरूले पैरबी र वकालत गर्ने नगरस्तरीय बालक्लबका अध्यक्ष मण्डलले बताए ।

बालअधिकार महासन्धिले पारित गरेको अधिकार अनुसार राज्यले बालबालिकाहरूको बचाउ, बाल संरक्षण, बालविकास तथा बाल सहभागिता सम्बन्धमा बृहतरूपमा प्रशिक्षण दिएको सबल नेपालका कार्यक्रम संयोजक निरबहादर आले बताए ।



कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal

### ३. बाल अधिकार समितिलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न

२४ मार्च २०२५ : युवालयको आयोजनामा पार्सागढी नगरपालिका, पर्सा जिल्लामा स्थानीय बाल अधिकार समितिका लागि स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अभिमुखिकरण



कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा युवालयका फोकल पर्सन राहुल कुमार साहले कार्यक्रमको उद्धेश्य माथि प्रकाश पारेका थिए भने सहजीकरण बाल अधिकारकर्मी राम प्रवेश साहले बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार बारे प्रस्ट पारेका थिए । कार्यक्रम पर्सागढी नगरपालिका प्रमुख गोकर्ण पाठकज्यूको अध्यक्षतामा सम्पन भएको थियो ।

त्यस्तैगरी, ललितपुर जिल्लाको कोन्ज्योसोम गाँउपालिकामा बाल अधिकार समितिसँग छलफल तथा योजना निर्माण सम्बन्धी बैठक यहि मिति २०८१/११/२७ गते सम्पन्न भएको छ। सो कार्यक्रम संयुक्त रुपमा, युवालय, लु : निभा र पाटन सिविआरको आयोजनामा सम्पन्न भएको थियो । यस कार्यक्रममा बाल अधिकार समिति र संस्थाहरूले साझा कार्ययोजना तयार गरी के कसरी अगाडी बढ्न सकिन्छ भन्नेबारे छलफल भएको थियो । कार्यक्रममा कन्ज्योसोम गाउँ बाल अधिकार समितिका संयोजक एवम् गाउँपालिका उपाध्यक्ष राजन प्रसाद घिमिरेज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो ।

### आम सञ्चार माध्यममा कन्सोर्टियम नेपाल









कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal

### हार्दिक बधाई एवं शुभकामना




### कन्सोर्टियम नेपालले मार्च २०२५ मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण

| क.सं | कार्यक्रम | आयोजक |
|---|---|---|
| १. | Discussion on the modality of stakeholder consultation on UNCRC Reporting Process | NACG Nepal |
| २. | Handing over the Recommendation on National Plan of Action for Children | NACG Nepal |
| ३. | राष्ट्रिय नागरीक सम्मेलन | गैर सरकारी संस्था महासंघ नेपाल |
| ४. | Annual Progress Dissemination Program | World Vision Int'l Nepal |



कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal